नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

इमेलः cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

पत्र संख्या : ०८०/०८१
चलानी नं. : २९९

विक्रम संवत्: २०८१/०३/२५, मंगलबार
नेपाल संवत्: ११४४ दिल्लाथ्व तृतीया

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

**विषयः प्रमुख प्रशासकीय अधिकृतहरुलाई निर्देशन सम्बन्धमा।**

गृह मन्त्रालयको च.नं. ५.१/२८१ मिति २०८१/०३/२१ को प्रमुख प्रशासकीय अधिकृतहरुलाई वर्षातको समयमा फैलिनसक्ने महामारी तथा मनसुनजन्य विपद् व्यवस्थापनलाई मध्यनजर गरी मनसुन अवधिभर प्रमुख जिल्ला अधिकारीको अनुमतिबिना प्रमुख प्रशासकीय अधिकृतहरुले स्थानीय तह नछोड्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरुलाई पत्राचारका लागि अनुरोध भएको पत्र यसैसाथ संलग्न गरी जानकारी एवम् आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०८१/०३/२५
(मनोज अधिकारी)
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय (विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा), सिंहदरबार, काठमाडौं।
श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गरिदिनुहुन।

नेपाल सरकार
# गृह मन्त्रालय
(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा)

फोन :९७७-०१-४२११२११
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
इमेल:bipad@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०८०/८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ५.१/ २८१

मिति २०८१/०३/२१
नेपाल संवत् ११४४ तछलागा, बिहिबार ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

**विषयः प्रमुख प्रशासकीय अधिकृतहरूलाई निर्देशन हुन।**

उपर्युक्त विषयमा यस वर्षको मनसुनको प्रभाव देशैभर फैलिएको र विभिन्न ठाउँमा बाढी, पहिरो, चट्याङ जस्ता दैवी प्रकोपको सामना गर्नुपरेको ब्यहोरा अवगतै छ। यस परिस्थितिमा स्थानीय विपद् व्यवस्थापन समितिले पूर्वतयारी, प्रतिकार्य र राहत उद्धारका साथै सुरक्षित आश्रयस्थलको व्यवस्थापन लगायतका कार्यहरू जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वय र सहकार्यमा गर्नुपर्ने हुन्छ। समन्वयमा भएको सानो कमजोरीले अकल्पनीय रुपले धनजनको क्षति हुनसक्छ र सरकारप्रति नागरिकको विश्वासमा समेत क्षयीकरण हुन जान्छ। यस विषयलाई मध्यनजर गरी वर्षातको समयमा फैलिनसक्ने महामारी तथा मनसुनजन्य विपद् व्यवस्थापनलाई मध्यनजर गरी मनसुन अवधिभर प्रमुख जिल्ला अधिकारीको अनुमतिबिना प्रमुख प्रशासकीय अधिकृतहरूले स्थानीय तह नछोड्ने व्यवस्थाका लागि सबै स्थानीय तहहरूलाई पत्राचार हुन मिति २०८१।०३।२१ को निर्णय (सचिवस्तरीय) अनुसार अनुरोध छ।

(गणेशदत्त ओझा)
शाखा अधिकृत

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- १८६१
दर्ता मितिः- ०८१।३।२२

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ४
मितिः २०८१।३।२४